प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

## TSLC तहको एक विषय मौका परीक्षाको आवेदन फाराम भर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

(सुचना प्रकाशित मिति २०७५।०२।२३)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्वीकृती प्राप्त गरी शैक्षिक शत्र २०७३/०७४ मा भर्ना भई २०७४ सालमा संचालन भएका निजी/TECS/आंगिक शिक्षण संस्थामा प्राविधिक एस.एल.सी. तर्फ विभिन्न विषयमा नियमित (Regular) अन्तिम (Final) परीक्षामा सम्मिलित भई सैद्धान्तिक तथा प्र योगात्मक तर्फ एक विषयमात्र अनुतिर्ण भएका प्रशिक्षार्थीहरुलाई प्रति विषय फाराम शूल्क रु २१०। (अक्षेरुपी दूइसय दश मात्र) शूल्क सहित एक बिषयको मौका परीक्षाको तपशिलमा उल्लेख भए वमोजिमको सूचना अनुसार सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम भराई वुभ्काउनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

शर्तहरुः

१.शिक्षण संस्थाहरुबाट आंशिक परीक्षार्थीहरुको आवेदन फारामका साथ फाइल खडा गरी रकम बुझाएको रसिद संलग्न गरी सम्वन्धित क्षेत्रीय कार्यालयहरुमा दर्ता गर्नु पर्नेछ।

२.परीक्षा आवेदन फाराम साथ हालसालै खिचिएको दुई प्रति पासपोर्ट साईजको फोटो समावेश गर्नु पर्नेछ।

३.परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको अघिल्लो परीक्षाबाट प्राप्त लब्धाङ्कपत्रको फोटोकपी फाराम साथ अनिवार्य रुपमा संलग्न हुनु पर्नेछ।

४.उल्लेखित शर्त पूरा नभएका र तोकिएको समयपछि प्राप्त आवेदन फाराम उपर कुनै कार्यवाही गरिने छैन, त्यसको जवाफदेही परीक्षा नियन्त्रण कार्यालय हुने छैन।

५.कुनै पनि शिक्षण संस्थाले शर्त पूरा नभएका प्रशिक्षार्थीहरुको परीक्षा आवेदन फाराम नियतवस समावेश गराई यदि प्रशिक्षार्थीहरुले परीक्षा दिएमा त्यस्ता परीक्षार्थीहरुको परीक्षा नतिजा स्वतः रद्ध हुने छ र त्यस्ता शिक्षण संस्थालाई परिषद्को ऐन, नियम तथा विनियम बमोजिम कारवाही हुनेछ।

६.परीक्षा आवेदन फाराम भर्दा केरमेट, टिपेक्स लगाएको पाईएमा आवेदन फाराम बुझिने छैन।

## परीक्षा फाराम वुझाउने तथा परीक्षा संचालन हुने मिति र समय

१.फाराम बुझाउने मिति : २०७५ साल जेष्ठ २३ गते देखि २०७५ साल आषाढ ०६ गतेसम्म।

२.परीक्षा संचालन हूने मिति : २०७५ साल आषाढ ९ गते शनिवार।

३.समय :

- स्वास्थ्य र कृषि कार्यक्रमहरु तर्फको बिहान ७:०० वजे देखि
- इन्जिनियरिङ्ग र अन्य सवै कार्यक्रमहरु तर्फको दिउंसो २:०० बजे देखि

४.फाराम वुझाउने स्थान :

- परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर
- पूर्व क्षेत्र क्षेत्रीय कार्यालय, इटहरी, सुनसरी
- मध्य क्षेत्र क्षेत्रीय कार्यालय, भरतपुर, चितवन
- पश्चिम क्षेत्र क्षेत्रीय कार्यालय, कोहलपुर, बांके

पुनश्च : परीक्षा केन्द्र पछि प्रकाशित गरीने छ।

**नियन्त्रक**